# विश्राम हेरचाह

## विश्राम हेरचाह भनेको के हो?

विश्राम हेरचाह भनेको अस्थायी सहयोगी हेरचाह हो, जुन विशेष आवश्यकताहरू भएका बालबालिका वा वयस्कहरूको परिवारलाई मद्दत गर्न बनाइएको हुन्छ। यो हेरचाह परिवारको घरमै वा समुदायमा उपलब्ध हुन सक्छ। विश्राम सेवाहरू केही घण्टादेखि एक हप्ता सम्मका लागि हुन सक्छन्। यसमा लामो अवधिको लागि रातभर हेरचाह पनि समावेश हुन सक्छ। परिवारले नियमित रूपमा वा आवश्यक पर्दा मात्र प्रयोग गर्न सक्छन्।

यो सेवा परिवारलाई मद्दत गर्ने उद्देश्यले बनाईएको हो। विशेष आवश्यकता भएका बालबालिका वा वयस्कहरूको हेरचाहकर्ता वा अभिभावकहरू आफ्नै स्वास्थ्य समस्या र तनावसँग जुधिरहेका हुन्छन् किनकि उनीहरूले परिवारका अरू सदस्यहरूको आवश्यकतालाई पनि पुर्ती गर्नु पर्ने हुन्छ। विश्राम सेवाले दिएको अवसरले अभिभावकहरूलाई आफ्नै वा परिवारका अरू सदस्यहरूको आवश्यकतामा ध्यान केन्द्रित गर्न समय दिन्छ। यसले दुर्व्यवहार वा बेवास्ता रोक्न सहयोग गर्दछ र पारिवारिक एकता मजबुत बनाउन मद्दत गर्दछ। यसले परिवारलाई केही घण्टा वा दिनको आराम गर्न, वा घुम्न जान समेत अनुमति दिन्छ।

## विश्राम हेरचाह लिन खोज्दा सोध्नुपर्ने प्रश्नहरू:

- प्रदायकहरू कसरी छनोट गर्ने?
- हेरचाह प्रदायकहरूलाई अटिजम सम्बन्धी कस्तो तालिम वा अनुभव छ?
- कसले र कसरी हेरचाह प्रदायकको पर्यवेक्षण गर्छ?
- के त्यहाँ गतिविधिहरू व्यवस्थित गरिएको हुन्छ?
- खाना कसरी व्यवस्थापन गरिन्छ?
- के कार्यक्रमले प्रत्येक ग्राहकको स्वास्थ्य र अन्य आवश्यकताहरूको अद्यावधिक जानकारी राख्छ?
- के त्यहाँ लिखित हेरचाह योजना हुन्छ?
- औषधि कसले दिनेछ?
- आपतकालीन अवस्थामा के प्रक्रिया हुन्छ, कर्मचारीहरूलाई प्राथमिक उपचार /CPR सम्बन्धी तालिम छ?
- घरमै, बाहिरी स्थानमा वा दुबै मिलाएर सेवा दिँदा राम्रो हुन्छ?
- घरमै सेवा दिँदा अतिरिक्त बीमा आवश्यक हुन्छ?
- सेवा पाउन कति अगाडि सम्पर्क गर्नुपर्छ?
- सेवामा घण्टा सीमा हुन्छ?
- के प्रत्येक पटक निश्चित प्रदायक माग्न सकिन्छ?
- परिवार वा साथी जसले व्यक्तिलाई चिन्छन्, उनीहरूले पनि सेवा दिन पाउने र भुक्तानी पाउने सम्भावना हुन्छ?
- विश्राम हेरचाह प्रदायकले अरू बालबालिकाको पनि हेरचाह गर्छ?
- कार्यक्रमले यातायात सुविधा दिन्छ?
- सेवाको लागत कति हुन्छ? भुक्तानी कसरी हुन्छ?
- निजी भुक्तानी बाहेक अरू स्रोतहरू उपलब्ध छन्?

## विश्राम हेरचाह कसरी पाउने:

परिवार वा हेरचाहकर्ताले आफ्ना बच्चाको PCP (Primary Care Provider) बाट बीमा कम्पनीलाई "आवश्यकताको पत्र" पठाउन लगाउनुपर्छ, जसमा किन विश्राम हेरचाह चाहिन्छ भन्ने स्पष्ट गरिएको हुन्छ। बीमा कम्पनीले पत्र हेरेर कति घण्टा स्वीकृत गर्ने भनेर निर्णय गर्छ। त्यसपछि परिवारले स्वयं हेरचाह प्रदायक खोज्नुपर्छ।

## विश्राम हेरचाह कसरी फेला पार्ने:

- स्थानीय समर्थन समूहहरू: ***https://paautism.org/support-groups/***
- पेन्सिलभेनियाको विशेष बालबालिका सन्जाल मद्दत स्रोतहरू: ***https://www.pa.gov/agencies/health/programs/healthy-living/special-kids-network***
- ARCH राष्ट्रिय विश्राम हेरचाहा पत्ता लगाउने सेवा: ***https://archrespite.org/caregiver-resources/respitelocator/***
- Allegheny काउन्टी बिश्राम हेरचाह गठबन्धन: ***https://www.classcommunity.org/services/acrc***
- शारीरिक स्वास्थ्य विकल्पहरूको व्यवस्थित हेरचाह संगठनहरू (MCOs): ***https://www.pa.gov/agencies/dhs/resources/medicaid/hc/hc-mco***
- DBHIDS (फिलाडेल्फिया) मार्फत विश्राम हेरचाह: ***https://dbhids.org/services/children-and-youth-services/respite/***



ASERT सहकार्यलाई पेन्सलभेनियाको मानव सेवा विभागको विकासात्मक कार्यक्रम कार्यालयद्वारा आर्थिक सहयोग गरिएको छ